उत्तर: चारकोसे झाडी (सुन्दर-दुलारी नगरपालिका स्थित गोठगाउँदेखि प्रस्तावित कोशी हरैचा नगर विकास समितिको बाघझोडा सम्म)।

दक्षिण: सिसबानी-बडहरा, डंग्राहा र बानीगामा गाउँ विकास समितिहरु।

आज्ञाले
अर्जुन कुमार कार्की
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालयको
### सूचना

नेपाल सरकारले नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेको छ :-

(१) खण्ड (ग) को उपखण्ड (२) को राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"अनुगमन तथा मुल्याङ्कन अधिकृत"
"अनुसन्धान अधिकृत"

(२) खण्ड (ग) को उपखण्ड (३) को राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पदमा देहायका पदहरु थपिएका छन् :-

"सहायक अनुगमन तथा मुल्याङ्कन अधिकृत"
"सहायक अनुसन्धान अधिकृत"

(३) खण्ड (ग) को उपखण्ड (४) को राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पदमा देहायको पद थपिएको छ :-

"रेन्जर"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) खण्ड (ग) को उपखण्ड (५) को राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पदमा देहायको पद थपिएको छ :-

"सिनियर गेमस्काउट"

(५) खण्ड (ग) को उपखण्ड (८) को श्रेणी विहिन पदमा देहायको पद थपिएको छ :-

"गेमस्काउट"

(६) खण्ड (च) को उपखण्ड (३) को राजपत्राङ्कित तृतीय श्रेणीमा रहेको "ग्याजेटेड सुब्बा" भन्ने पदको सट्टा देहायको पद राखिएको छ :-

"शाखा अधिकृत (हात्तीसार)"

(७) खण्ड (च) को उपखण्ड (४) को राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहेको "सुब्बा" भन्ने पदको सट्टा देहायको पद राखिएको छ :-

"नायव सुब्बा (हात्तीसार)"

(८) खण्ड (च) को उपखण्ड (८) को श्रेणी विहिन पदमा देहायका पदहरु कायम गरिएका छन् :-

"फणित"
"पछुवा"
"माहुत"

आज्ञाले,
शंकरप्रसाद अधिकारी
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५०।-
गो.हु.द.नं. १६।२०६२।६३

६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।